आज मिति २०७६ मंसिर ३० गते सोमबार बिहान ८:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी  मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री दिपक कोइराला

**विषयहरु :-**

१. भक्तपुर महोत्सवबारे ।

२. घर जग्गा सट्टापट्टाबारे ।

३. औद्योगिक क्षेत्र स्थानान्तरणबारे ।

४. समिति निर्णय अनुमोदनबारे ।

५. विविध ।

**निर्णयहरु :**

१. यही २०७६ चैत्र ४ गतेदेखि ८ गतेसम्म हुने भक्तपुर महोत्सव भव्यताका साथ सम्पन्न गर्न नगर प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा नगरपालिकाका कार्यपालिका सदस्यहरु, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाका शाखा प्रमुखहरु, भक्तपुर जिल्लास्थित सरकारी कार्यालय प्रमुखहरु, जिल्लाका क्रियाशील विभिन्न संघ-संस्था प्रमुखहरु सदस्य रहने गरी १६१ सदस्यीय 'भक्तपुर महोत्सव मूल समारोह समिति' गठन गर्ने निर्णय गरियो ।

ख. भक्तपुर महोत्सव भव्यताका साथ सम्पन्न गर्न भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नगरपालिका सबै कार्यपालिका सदस्यहरु, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाका शाखा प्रमुखहरु र सचिवालय संयोजक सदस्य रहने गरी तपसिल बमोजिमका २५ सदस्यीय भक्तपुर महोत्सव कार्यकारी समिति (Exceutive Committe) गठन गर्ने निर्णय गरियो :-

**तपसिल**

१. प्रमुख श्री सुनिल प्रजापति - अध्यक्ष

२. उप-प्रमुख श्री रजनी जोशी - सदस्य

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री- सदस्य

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला - सदस्य

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा- सदस्य

६. वडाध्यक्ष श्री कुमार चवाल - सदस्य

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य - सदस्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल- सदस्य

९. वडाध्यक्ष श्री उकेश कवां - सदस्य

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली- सदस्य

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व - सदस्य

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा- सदस्य

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल- सदस्य

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति) - सदस्य

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)- सदस्य

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला - सदस्य

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल- सदस्य

१८. सदस्य सचिव श्री दिपक कोइराला- सदस्य

१९. भनपा प्रशासन शाखा प्रमुख - सदस्य

२०. भनपा लेखा शाखा प्रमुख - सदस्य

२१. भनपा योजना शाखा प्रमुख - सदस्य

२२. भनपा श्यानिटेशन शाखा प्रमुख - सदस्य

२३. भनपा जिन्सी शाखा प्रमुख - सदस्य

२४. भनपा पर्यटन सेवा केन्द्र तथा सूचना केन्द्रका शाखा प्रमुख - सदस्य

२५. सचिवालय संयोजक - सदस्य सचिव

ग. भक्तपुर महोत्सव सफलतापूर्वक सम्पन्न गर्न भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य माननीय प्रेम सुवालको संयोजकत्वमा तपसिल बमोजिमका तीन सदस्यीय सल्लाहकार समिति गठन गर्ने निर्णय गरियो :

## तपसिल

मानननीय श्री प्रेम सुवाल – भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य – संयोजक

माननीय श्री सुरेन्द्रराज गोसाई, ३ नं. प्रदेश सभासद – सदस्य

माननीय श्री सृजना सैंजु, ३ नं. प्रदेश सभासद – सदस्य

घ. भक्तपुर महोत्सवको व्यवस्थापनको लागि भक्तपुर नगरपालिका पर्यटक सेवा केन्द्र तथा पर्यटक सूचना केन्द्र शाखा प्रमुख गौत्तम प्रसाद लासिवाको संयोजकत्वमा एक सचिवालय समिति गठन गर्ने निर्णय गरियो । सचिवालयको कार्य गर्न हाललाई तपसिल बमोजिमका कर्मचारीहरुलाई जिम्मेवारी दिने निर्णय गरियो :

## तपसिल

१. गौत्तम प्रसाद लासिवा – भ.न.पा. पर्यटक सेवा केन्द्र तथा सूचना केन्द्र प्रमुख – संयोजक

२. दामोदर सुवाल – भनपा प्रशासन शाखा प्रमुख – सदस्य

३. ओम प्रसाद धौभडेल – भनपा पर्यटक सेवा केन्द्र – सदस्य

४. मुरज दिदिया – भनपा पर्यटक सूचना केन्द्र – सदस्य

५. श्रीलक्ष्मी ह्यौंगो – भनपा योजना शाखा – सदस्य

२. भक्तपुर नगरपालिका क्षेत्रभित्रका ऐतिहासिक एवं पुरातात्विक महत्वका क्षेत्रहरुमध्ये भनपा ५ स्थित साफुकोठा क्षेत्र र जगनाथ क्षेत्र, भनपा ४ स्थित तालाक्व दोम्फो क्षेत्रमा निजी आवासको जग्गा धनी प्रमाण पुर्जा भएका स्थानीय जनतालाई भनपा ८ लिवाली आवास क्षेत्रमा नगरपालिकाको स्वामित्वमा रहेका उपयुक्त जग्गा सट्टापट्टा तथा खरिद विक्री गर्न तथा भनपा ८ नं. वडा लिवाली क्षेत्रमा नपाले निर्माण गरिरहेको खेलकुद कभर्ड हलका लागि थप जग्गा प्राप्तिका लागि नजिकैको जग्गावालासंग वार्ता गरी लिवाली आवास क्षेत्रभित्र नै नपाको स्वामित्वमा रहेको उपयुक्त जग्गा सट्टापट्टा र खरिद विक्री गर्न सिफारिसका लागि भनपा ७ का वडाअध्यक्ष उकेश कवांको संयोजकत्वमा गठित वार्ता समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिका वडा नं. २ स्थित भक्तपुर औद्योगिक क्षेत्रलाई आ.व. २०७२/०७३ को नेपाल सरकारको बजेट मन्तव्यमा अन्य स्थानमा स्थानान्तरण गर्ने उल्लेख भए तापनि हालसम्म स्थानान्तरण नगरिएको र उक्त

जग्गा सरकारले अधिग्रहण गर्दा कुटीर व्यवसाय र हस्तकलामा आधारित क्षेत्र विकास गरिने उद्देश्य राखिएको हुंदा उक्त क्षेत्रको सम्पूर्ण जग्गा नगरपालिकालाई हक हस्तान्तरण गरिलिन नेपाल सरकार उद्योग मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

४. विभिन्न समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

आर्थिक समिति

मिति २०७६।८।५ गतेको आर्थिक समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाभित्र कार्य क्षेत्र भएका सहकारी संस्थाका व्यवस्थापकहरुको क्षमता अभिवृद्धिको लागि मिति २०७६।९।४ र ५ गते दुई दिने क्षमता अभिवृद्धि तालिम भ.न.पा. सभा कक्षमा सहजकर्ता श्री तुल्सीहरि प्रजापतिज्यूबाट संचालन गर्ने र सो तालिमको लागि आवश्यक पर्ने अनुमानित बजेट रु.७१,९००।- (अक्षरुपी एकहत्तर हजार नौ सय) रुपैया पारित गर्ने निर्णय गरियो ।